नेपाल ग्रामीण पुनर्निर्माण संस्था:(आरआरएन),समुदाय सहयोग कार्यक्रम खोटाङ र सिरहाद्धारा संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन

# शान्तिका लागि सचेतना

बर्ष १, अंक ४ २०६८ भाद्र १५ गते बिहीबार Thursday 1 September 2011 

विशेष जानकारी



आर.आर.एन. समुदाय सहयोग कार्यक्रमको सहयोगमा निर्मित श्री बालकन्या प्रा.वि. खार्मी ९ खोटाङ ।

## सम्पादकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) समुदाय सहयोग कार्यक्रम दोस्रो चरण, सिरहा र खोटाङद्धारा प्रकाशित मासिक बुलेटिन **शान्तिका लागि सचेतना** शान्ति प्रवर्द्धन केन्द्रका सदस्यहरु तथा कार्यक्रमबाट लाभान्वित समुदायहरुको सफलताको कथा, कविता, लेख रचना तथा अन्य जिल्लाका उदाहरणीय कामको बारेमा सबैसंग सुसुचित गर्ने मुख्य उद्धेश्यका साथ प्रकाशित गरिएको हो । यस बुलेटिनमा अधिकारमा आधारित सचेतनामुलक, सीप विकास तथा जीविकोपार्जन र विकाससंग सम्बन्धित अन्य उदाहरणीय लेख रचनाका साथै आरआरएन सिएसपी सिरहा तथा खोटाङ र आरआरएन.का अन्य जिल्लाबाट प्राप्त गतिविधीहरु उल्लेख हुनेछ ।

यो हाम्रो चौथो अंक हो यस अंकबाट **मासिक रुपमा प्रकाशित** हुने जानकारी समेत गराउदै यस बुलेटिनलाई पठनीय र जानकारीमुलक बनाउनका लागि हामी तपाईहरुबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसको साथै आगामी अंकको लागि माथि उल्लेखित विषय भित्र रही आफ्ना अमुल्य लेख, रचना पठाई प्रकाशनमा सहयोग गरिदिनु समेत सबैलाई विनम्र अनुरोध गर्दछौं ।

## थाहा पाइ राखौं

| | उजुरी गर्ने ठाउ | उजुरी दिन पाउने व्यक्ति | घरेलु हिंसामा हुने सजाय | उजुरी गर्ने हक म्याद |
|---|---|---|---|---|
| **घरेलु हिंसा भएमा** | • नजिकको प्रहरी कार्यालय<br>• स्थानीय निकाय/ गा.वि.स.<br>• राष्ट्रिय महिला आयोग<br>• जिल्ला अदालत | हिंसा भएको वा हुन लागेको थाहा पाउने व्यक्ति | • रु ३ हजार देखि २५ हजारसम्म जरिवाना र ६ महिनासम्म कैद वा दुबै सजाय हुन सक्ने<br>• घरेलु हिंसाका मतियारलाई हुने सजायको आधा सजाय | ९० दिन भित्र |
| | **उजुरी गर्ने ठाउ** | **उजुरी दिन पाउने व्यक्ति** | **हुने सजाय** | **उजुरी गर्ने हक म्याद** |
| **बहु विवाह भएमा** | • नजिकको प्रहरी कार्यालय | बहुविवाह भएको थाहा पाउने व्यक्ति जो सुकै व्यक्ति | • बहु विवाह गर्नेलाई १ बर्षदेखि ३ बर्षसम्म कैद र ५ हजारदेखि २५ हजारसम्म जरिवाना<br>• अर्की पत्नी छ भन्ने थाहा भइकन नै विवाह गरी वा सौता भई आउने महिलालाई पनि बहुविवाह गर्ने पुरुष सरह नै सजाय हुन्छ | विवाह गरेको थाहा भएको मितिले ३५ दिन भित्र |

**स्थानीय निकाय**

स्थानीय निकाय भन्नाले जिल्ला विकास समिति, नगरपालिका र गाउ विकास समितिलाई भनिन्छ। यसमा निश्चित मापदण्डको आधारमा सशर्थ वा निसर्त रुपमा यस प्रकार अनुदान प्राप्त हुने गर्दछ। (१) चालु खर्च, (२) पुजी खर्चः (क) न्यूनतम पुजिगत अनुदान (ख) सुत्रमा आधारित पुजीगत अनुदान र (३) अन्य अनुदान

लक्षित समुह विकास कार्यक्रम

- विपन्न महिलाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम १० प्रतिशत
- विपन्न वर्गका बालवालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम १० प्रतिशात
- आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछाडिएका वर्ग क्षेत्र तथा नेपाल सरकारले सुचना प्रकाशित गरि लक्षित समुह भनी तोकिएको वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाको लागि १५ प्रतिशत । क्रमश.........

**कुनै पनि कुरा असल वा खराब हुदैनन् खाली विचारले मात्र त्यस्तो बनाउछ – शेक्सपियर**



# मैले बुझेको विकास

रिदार लामा

आफ्नो भन्दा अर्काको ठिक भन्ने सस्कारले म वा तपाईमा गहिरो छाप परेको छ । यदि म वा तपाईलाई विकास भनेको के हो? भनेर कसैले प्रश्न गरियो भने म वा तपाई पहिला हतारहतार विकाससंग सम्बन्धीत किताव, इन्टरनेट, विद्वानहरुको परिभाषा खोजी खोजी कण्ठ पारेर भन्ने गर्छौं जस्तै विकासको अर्थ विग्रेको काम सपार्ने वा सकारात्मक परिवर्तन वा विश्व बैंकका अनुसार यस्तो उस्तो भन्छौ साथै म वा तपाई कहिल्यै आफ्नो तर्क दिदैनथ्यो । तर अहिले मैले बुझेको विकासको अर्थ म वा आफूमा सकारात्मक परिवर्तन हुनु हो । तपाई सहमत हुनु हुन्न मलाई थाहा छ किन भन्ने विकास भनेको म वा आफू नभएर आर्थिक, शैक्षिक, राजनीतिक, सामाजिक रुपले विकास गरी समतामुलक गाउ, समाज, देश र संसार हुनु हो तर म त्यसलाई लक्ष्य वा चाहना भन्छु ।

तपाईले सुनिरहेको कुरा हो काम गर्नको लागि पैसा नै छैन म के गर्न सक्छुर तर हामी कहिल्यै पनि यो सोच्दैन कि सबै चिज पैसा होइन, पैसा त केवल साधन मात्र हो । यस्तै भोगाईले गर्दा विकास जुन गतिमा हुनुपर्ने थियो त्यो नभएर कछुवाको गतिमा भइरहेको छ । तपाईले कहिल्यै सोच्नु भएको छ ? म किन पछि परे वा उसले गर्न सक्ने मैले किन नसकेको ? अँह सोचेकै छैन, वा फुर्सतै भएन, फुर्सत भएपनि ठुला-ठुला गफ गरेर वा एक अर्काको कुरा गरेर बस्छौं । विकास केवल बोली र भाषणमा मात्र हुदैन । विकास गरेर देखाउनु पर्छ । हो यदि म वा तपाईलाई कसैले चिया बनाउन आउछ ? भनेर कसैले सोधियो भने आइहाल्छ नी भनेर चिया बनाउन त यस्तो उस्तो चाहिन्छ भनेर के चिया बन्छ ? बन्दैन, त्यसैले म वा तपाई चिया बनाउन भन्दा अगाडि ग्यास वा आगो, भाडा, पानी, चिया रङ, चिनी, चियाको कप तयारी गरि अनि चिया बनाउनु भयो भने बल्ल चिया बन्छ । त्यस्तै म वा तपाईमा केही गर्नको लागि इच्छा शक्ति र सकारात्मक सोच हुनु पर्‍यो । यदि म वा तपाईमा योजना तर्जुमा (Planning), स्पष्ट कार्यक्रम र एकता भयो भने पैसाको श्रोत प्रशस्तै छ जस्तो: समुदाय, गाविस, जिविस, विषयगत समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु । तथापि म वा तपाईमा पैसाको कमी होइन योजना तर्जुमा (Planning), स्पष्ट कार्यक्रम र एकताको कमी हो, मानौ यदि म वा तपाईमा पैसा भएर पनि योजना तर्जुमा (Planning), स्पष्ट कार्यक्रम र एकता छैन भने हामी केही गर्न सक्दैन त्यो पैसा बाडेर खान्छौ वा अनाबश्यक खर्च गर्छौं । हाम्रो देशमा (Planning) राम्रो भए पनि कार्यान्वयन र अनुगमन फितलो छ । त्यसैले विकास गर्नमा पैसा भन्दा पनि सकारात्मक सोच अनुसारको कार्यक्रम तथा आफ्नोपनको कमी छ । विकास गर्नको लागि पहिला आफुमा सकारात्मक परिवर्तन आउनु पर्‍यो, आफ्नो भनाइ र गराइमा एकरुपता ल्याउनु पर्‍यो, आफुलाई आफैले विश्वास गर्नु पर्‍यो अनि मात्र अर्कालाई बिश्वास दिलाउन सकिन्छ । विकासका अगुवाहरु अहिले पनि *आफुले गर्ने भन्दा पनि अरुलाई भन्नमा नै बढी केन्द्रीत भएको देखिन्छ* । तिनीहरुले यो कहिल्यै अनुभुति गरेनन्की ***“भनेर बिर्सिन्छ गरेर सिकिन्छ”*** ।

यदपि यो कथालाई सुनाउन मलाई सान्दर्भिक लाग्यो । जब म जवान थिए, मलाई संसार बदल्ने चाहना भयो । मैले थाहा पाए संसार बदल्न त गाह्रो पो रहेछ । त्यसैले मैले आफ्नो देशलाई बदल्न खोजे । जब मैले देशलाई बदल्न सकिन, मैले आफ्नो ध्यान आफ्नै समुदायमा केन्द्रीत गरे । त्यो पनि सम्भव भएन र मैले आफ्नो पविारलाई बदल्ने प्रयास गरे । म अहिले बुढो भए र मलाई थाहा भयो कि मैले परिवर्तन गर्न सक्ने त म आफु मात्र रहेछु । आफूलाई परिवर्तन गरेपछि परिवारलाई बदल्न सक्थे र म मेरो परिवार मिलेर समुदायलाई परिवर्तन गर्न सक्थ्यौ । समुदाय-समुदायको परिवर्तनले आफ्नो देश बदल्न सकिन्थ्यो र अन्त्यमा मैले संसारलाई परिवर्तन गर्न सक्थे ।

वास्तावमा विकासको नारा सबैको हो तर गराई आ-आफ्नो छ, नेताका भाषण, कर्मचारीका रोजाई, जनताका पिडाई, युवाका मोजाई, सबैले यसलाई बिर्सेर आ-आफूमा सकारात्मक परिवर्तन गरि विकासबारेमा सोच्यौं र गर्‍यौं भने निश्चय पनि हामीले सोचेको विकास हुन्थ्यो कि ?

आरआरएन(सिएसपी) खोटाङ र सिरहाद्वारा
संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन
**शान्तिको लागि सचेतना**
बर्ष १ अङ्क ४
२०६८ भाद्र १५ गते
1September 2011

**सल्लाहकार**
कुलचन्द्र दाहाल
नविनकुमार कार्की
भुमी काफ्ले

**सम्पादन मण्डल**
**संयोजक**
रिदारसिरु लामा
**सदस्यहरु**
पेम्बा तामाङ, टहल जिरेल
मिन्टु चौधरी, निशेष गौतम

**सम्पर्क**
इमेल: rrnsiraha@gmail.com/
rrndiktel@gmail.com



थटिया सामुदायिक भवन निर्माण आयोजनाको प्रारम्भिक सार्वजनिक लेखापरिक्षण
विष्णुपुरकट्टी गा.वि.स. वार्ड न. ७, सिरहा

**मिनेटको चिन्ता गर घन्टा त आफ्नो चिन्ता आफैं गर्दछ - चेस्टर फिल्ड**

# पुल मर्मतले दुर्घटनामा कमी



जोखिम युक्त यात्रा गर्दै



पेम्बा तामाङ

खोटाङ जिल्लाको विकट उत्तरी भेगमा फेदी, खार्ताम्छा र बासपानी गा.वि.स.को सिमानामा पाथेका गा.वि.स.को वडा न. ७ मा अवस्थित दम्दी दोभानको झोलुङगे पुल त्यस भेगका मानिसहरुको सदरमुकाम तथा भोजपुर जाने मुलबाटोमा पर्ने मुख्य पुल हो । २०६७ सालको चैत्र महिनामा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाः आरआरएन.ले समुदाय सहयोग कार्यक्रम दोस्रो चरण अन्तरगत त्यस झोलुङ्गे पुलको मर्मत गर्नुको अघिको अवस्था निकै जिर्ण थियो । नजिकै दम्दी दोभानमा लाग्ने साप्ताहिक हाटका दिन प्राय त्यहाँ दुर्घटना घट्ने स्थानीय मिल संचालक एकराज राई बताउनुहुन्छ । उहाँ अझै थप्नु हुन्छ "धरान तथा काठमाण्डौंका केही मानिसलाई त बोकेर नै तार्नु पर्थ्यो" ।

दशकौ पुरानो पुलको निकै लामो समयसम्म मर्मत संभार नहुदा पुलको धेरै जस्तो नटहरु खुस्किन गइडेकहरुले आफ्नो स्थान छोडेको तथा झरेको हुदाँ डेक विनाको पुलको यात्रा त्रासदीपुर्ण भएका हुदा त्यस भेगका स्थानीयले त्यहाँ बासको प्रयोग गर्नु गरेका थिए जुन स्थायी समाधान भने हुन सकेन । आरआरएन. को रु ६२८१०।- लागतमा मर्मत गरिएको पुल तरेर घर जानुहुने जिल्ला शिक्षा कार्यालय खोटाङका विद्यालय निरिक्षक कृष्ण राई बताउनु हुन्छ "आरआरएनले आबश्यक ठाउमा काम गरेको छ धेरैले राहत महसुझ गरेका छन्" । स्थानीय समुदायले गर्नुपर्ने श्रमदान काठ नजिकै उपलब्ध भएपछि श्रामदान गर्नु नपरेको भन्दै निर्माण समिति अध्यक्ष दैवकेशर राई खुशी व्यक्त गर्नु हुन्छ ।



मर्मत पछि सहज यात्रा गर्दै

## हार्दिक समावेदना



यस खोटाङका हाम्रा सहकर्मी श्री योग्यराज अधिकारीको बुबा श्री इन्द्रप्रसाद अधिकारीको ८५ बर्षको उमेरमा यही मिति २०६८ भदौ १३ गतेका दिन असमायिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं साथै यस दुखत घडीमा शोकसन्तप्त परिवार प्रति हार्दिक समावेदना प्रकट गर्दछौं ।

**रिदारसिरु लामा**
**आर.आर.एन. सिरहा परिवार**
**एवं**
**आर.आर.एन. खोटाङ्ग परिवार**

उठउ जुटउ सबै नारी नबस्नु है अल्छि गरी ।
बित्ला है जीवन त्यसै चुलो चौका सधै भरी ॥
घर धन्दा कति गर्छौ अत्याचारले पिल्सिएर ।
आवाज उठाउ सबै काम नारी पुरुष बराबरी ॥
घर धन्दा मेला पात पुरुषलेनी गर्दा हुन्छ ।
ज्यानको बाजी राखेर किन गर्छौ मरी मरी ॥
संसार परिवर्तन गर्दा सुरु गरौं आफैबाट ।
कानुन लेख्नेहरुलाई अधिकार खोज्ने गरौं घरी-घरी ॥
नारी पुरुष एउटै भन्छन् यथार्थमा भेदभाव किन र ।
लैंगिक विभेद अन्त्य गरौं समाजमा वरिपरी ॥

**मिलना चाम्लिङ्ग**
नारी उद्धार नागरिक सचेतना केन्द्र
इन्द्रणीपोखरी ७, नराहा, खोटाङ्ग

## आरआरएन, खोटाङका गतिविधीहरु

- ४ साउन २०६८ मा श्री गंगा राईको अध्यक्षतामा १५ सदस्यीय नागरिक सचेतना केन्द्र पाथेका गाउँ सञ्जाल गठन भएको छ ।
- २३ र २४ साउन २०६८ मा श्री सविना राईको अध्यक्षतामा १५ सदस्यीय नागरिक सचेतना केन्द्र चिप्रिङ्ग गाउँ सञ्जाल श्री मिलना राईको अध्यक्षतामा १५ सदस्यीय नागरिक सचेतना केन्द्र इन्द्राणीपोखरी गाउँ सञ्जाल गठन भएको छ ।
- २ भदौ २०६८ मा श्री हेम कुमारी राईको अध्यक्षतामा ११ सदस्यीय खार्मी गाउँ सञ्जाल गठन भएको छ ।
- ३ भदौ २०६८ मा श्री हिरा आचार्यको अध्यक्षतामा १५ सदस्यीय चिउरीडाँडा गाउँ सञ्जाल गठन गरिएको छ ।
- १२ भदौ २०६८ का दिन नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. खोटाङ्ग र खोटाङ्ग विकास मञ्चको साझेदारीमा शिक्षित विपन्न वेरोजगार युवाहरुलाई लक्षित गरि ३ महिने आधारभूत कम्प्युटर तालिमको समापन गरिएको छ । उक्त समापन कार्यक्रम आर.आर.एन. खोटाङ्गका नि.जिल्ला संयोजक श्री पेम्बा तामाङ्गको अध्यक्षता तथा स्थानीय विकास अधिकारी श्री बसन्तकुमार भण्डारीको प्रमुख अतिथ्यमा भएको थियो । उक्त तालिमका १२ जना सहभागीहरुलाई प्रमुख अतिथि श्री भण्डारीले प्रमाण पत्र वितरण गर्नु भएको थियो ।
- नवज्योति नागरिक सचेतना केन्द्रका सदस्यहरुले मिति २०६८ साउन २० गते **"स्वास्थ्य जीवन हाम्रो चाहना, चर्पी बनाउ हाम्रो कामना"** भन्ने नाराका साथ प्रत्येक घरमा शौचालय निर्माण गर्न गराउन १ दिने सरसफाई अभियान सम्पन्न गरियो । साथै उक्त अभियान संचालन पश्चात केन्द्रका सदस्यहरुबाट शौचालय निर्माण अभियान समेत थालिएको छ ।
- २०६८ साउन २४ गते खार्मी ३ का फूलथुङ्गा नागरिक सचेतना केन्द्रका सदस्यहरुले विश्व आदिवासी दिवसको अवसरमा आफ्नो भाषा, धर्म, लिपि र संस्कार संस्कृतिको संरक्षण सम्बर्द्धन तथा जातीय उत्थान र विकासमा सबैलाई एक हुन आव्हान गर्दै एक दिने कार्यक्रमको आयोजना गरियो ।
- **युवाहरु कुलतमा नभुलौ स्वाभिमानी ब्यक्ति बनौ** भन्ने मुल नाराका साथ नारी उद्धार र नमुना नागरिक सचेतना केन्द्रले संुक्त रुपमा मिति २०६८ साउन २७ गते युवा दिवशको अवसरमा एक कार्यक्रमको आयोजना गरि मनाइएको छ ।

## आरआरएन, खोटाङ्का गतिविधीहरु

- मिति २०६८ साउन २८ गते आर.आर.एन. खोटाङ्गको सहयोगमा निर्माधिन श्री सिंहदेवी प्रा.वि. २ कोठे भवन निर्माण सहयोग योजना नि.जिल्ला संयोजक पेम्बा तामाङ्ग र कर्मचारी टहल जिरेलले स्थलगत अनुगमन निरीक्षण गरी भवन निर्माण उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र उपभोक्ताहरुको आम भेला गरी दोस्रो सार्वजनिक लेखा परीक्षण भएको थियो ।
- मेलुङसुङ देखुमखोला काठेपुल निर्माण सहयोग योजना १ भदौ २०६८ मा निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा आम उपभोक्ताहरु तथा आरआरएन.का टहल जिरेलको सहभागीतामा अन्तिम सर्वजानिक लेखपरीक्षण सहित समापन कार्यक्रम सम्पन्न गरियो ।
- आर.आर.एन. खोटाङ्ग, खार्मी गा.वि.स. र समुदायको संयुक्त लगानीमा निर्माण भएको श्री बालकन्या प्रा.वि. ४ कोठे भवन निर्माण सहोग आयोजना खार्मी ९, सल्लेनीको ४ भदौ २०६८ मा आर.आर.एन. खोटाङ्गका कर्मचारी टहल जिरेलको उपस्थिति तथा विद्यालय व्यवस्थापन समिति र निर्माण उपभोक्ता समितिका पदाधिकारी लगायत स्थानीय उपभोक्ताहरुको आम भेलामा अन्तिम सार्वजनिक लेखा परीक्षण सहित योजना समापन तथा हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०६८ भदौ ११ गते फूलपाती PPC पाइप लाईन सिंचाई योजना, पाथेका २, फूलपातीका निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ताहरुलाई अधिकारमा आधारित विकास अवधारणा, लैङ्गिक समनता, समावेशीकरण र सार्वजनिक लेखापरीक्षण सम्बन्धी १ दिने तालिम सम्पन्न गरियो । उक्त तालिममा आर.आर.एन. खोटाङ्गका टहल जिरेलले सहजीकरण गरिएको थियो ।

## आरआरएन, सिरहाका गतिविधीहरु

- मिति २०६८ साउन २९ गतेदेखि ३१ गतेसम्म तीनदिने ब्यावसायिक बाखापालन तालिम सुसेली बाखापालन समुह विष्णुपुरकट्टी गा.वि.स. वार्ड न. ४ भालुटारमा १४ जना महिलाहरुको सहभागीतामा सम्पन्न भएको छ । उक्त तालिममा जिल्ला पशुसेवा कार्यालय, सिरहाका प्रमुख श्री रामपुकार ठाकुरले सहजीकरण गर्नुभएको थियो ।
- मिति २०६८ साउन ३२ गतेदेखि भाद्र २ गतेसम्म तीनदिने ब्यावसायिक बाखापालन तालिम सरस्वती बाखापालन समुह सिसवानी गा.वि.स. वार्ड न ९ रामटोलमा १४ जना महिला र २ पुरुष सहित १६ जनाको सहभागीतामा सम्पन्न भएको छ । उक्त तालिममा जिल्ला पशुसेवा कार्यालय, लहानका प्रमुख श्री शत्रुधन चौधरीले सहजीकरण गर्नुभएको थियो ।
- मिति २०६८ भाद्र ४ गते स्थानीय सहजकर्ताहरुको मासिक बैठक बसी नागरिक सचेतना केन्द्रमा आएको परिवर्तन तथा समस्याको बारेमा छलफल हुनुका साथै आगामी दिनको कार्ययोजना समेत तयार पारिएको थियो ।
- शान्ति र संविधान हाम्रो अभियान, समय मै संविधान जारी गर भन्ने मुल नाराका साथ लहानमा २०६८ भाद्र १० गते महासागर, सरस्वती र ब्रम्हान ठाकुर नागरिक सचेतना केन्द्रले संयुक्त रुपमा दवाबमुलक अभियान सम्पन्न गरिएको छ ।
- मिति २०६८ भाद्र ११ गते थटिया सामुदायिक भवन निर्माण समितिको आयोजनामा विष्णुपुरकट्टी गा.वि.स. वार्ड न.७ मा आयोजनाको प्रारम्भिक सार्वजनिक लेखा परिक्षण स्थानीय बुद्धिजीवि, पत्रकार, गा.वि.स सचिव, विषयगत कार्यालयका प्रमुखहरु उपभोक्ता समिति, उपभोक्ता र LGCDP को सामाजिक परिचालक सहित जम्मा २३४ जनाको सहभागितामा सम्पन्न भएको छ ।

### हामी सबै जुट होऔं

हामी सबै एक जुट होऔं
एकताको माला गाँसी अन्धकारलाई हटाऔं
दिगो शान्तिको बत्ती आ-आफ्नै गाउँबाट बालौं
फल र फुल फलाउनु छ राम्रो वीउ छरेर
पछाडी हामी परेछौं अशिक्षाको भूमारीले घेरेर
ज्ञानको ज्योति छरि दिने आर.आर.एन. लाई सम्मान गरौं
अशिक्षितलाई शिक्षा दिन संस्थासँगै पाईला चालौं
हामी सबै ........................

ढिलो छिटो जे भए पनि सबै अघि बढ्ने गरौं
समयको महत्व बुझि संस्थासँगै हिड्न सिकौं
हामी सबै एक भई आर.आर.एन.लाई जोगाऊ
यो संस्थालाई जोगाएर शिखर माथि पुऱ्याऊ

**मनु सन्यासी "वियोग"**
लालिगुराँस नागरिक सचेतना केन्द्र
पाथेका १, रैकर, खोटाङ्ग

### खोटाङ जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३६-४२०१०२/१३३
- जिल्ला विकास समितिको कार्यालय, ०३६-४२०१२०
- जिल्ला प्रहरी कार्यालय ०३६-४२०१२१/१९९
- जिल्ला अस्पालत, ०३६-४२०१८८/१८९
- जिल्ला आयुर्वेद ०३६-४२०३९२
- जिल्ला शिक्षा कार्यालय, ०३६-४२०१०५
- राष्ट्रिय मानव अधिकार आयोग ०३६-४२०२८४
- आर.आर.एन. ०३६-४२०५५७
- नेपाल टेलिकम, ०३६-४२०१११/२२२

### सिरहा जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३३-५२०१२१
- जिल्ला विकास समितिको कार्यालय,०३३-५२०११५
- जिल्ला प्रहरी कार्यालय ०३३-५२०००५
- जिल्ला अस्पालत, ०३३-५२००८१
- ओरेक नेपाल ०३३-५६०४८३
- जिल्ला शिक्षा कार्यालय, ०३३-५२०१२७
- आर.आर.एन. ०३३-५६१९०५
- नेपाल टेलिकम, ०३३-५२०४४४

**महिला पुरुष समान भन्ने नारा, नारामा मात्र सिमित नराखी ब्यहावारमा लागु गरौं ।**